# सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित संस्थागत विद्यालयको व्यवस्थापकीय अवस्था

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय स्नातकोत्तर तह

शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक

आवश्यकता परिपूर्तिका लागि शैक्षिक

योजना तथा व्यवस्थापन

विभागमा प्रस्तुत

## शोधपत्र


शोधार्थी

होमनाथ गौतम

एम्. एड्. दोस्रो वर्ष

रोल नं. ४३

परीक्षा रो. नं.२१४००६१

शैक्षिक वर्ष २०६३ / २०६४

त्रि.वि.रजिस्ट्रेसन नं. ५२२२३–८९


प्रस्तुत


सुकुना बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

इन्द्रपुर,  मोरङ


२०६८,असार

# प्राक्कथन

प्रस्तुत सोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अर्न्तगत शैक्षिक योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता परिपुर्तिका लागि तयार गरिएको हो । यो शोध सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालन गरिएका संस्थागत विद्यालयहरुको व्यवस्थापकीय अवस्था शीर्षकमा अध्ययन गरिएको छ ।

यस शोधपत्रको तयारीका निमित्त विभिन्न समयमा आफ्नो अमूल्य समय प्रदान गरी आवश्यक सल्लाह सुझाव तथा निर्देशन गर्नु भई अध्ययन कार्यलाई सफल पार्न सहयोग गर्नुहुने आदरणीय गुरु शोधनिर्देशक श्री भोजराज घिमिरेज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

यस अध्ययनको क्रममा विषयवस्तुसँग सम्बन्धित विभिन्न प्रकारका आवश्यक सामग्री उपलब्ध गराई सहयोग पुऱ्याउने सुकुना बहुमुखी क्याम्पस परिवार तथा पुस्तकालयलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

अध्ययनको क्रममा आवश्यक सूचनाहरु सङ्कलन गर्न सहयोग पुऱ्याउनु हुने सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित विद्यालयका प्रधानाध्यापकज्यूहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्षज्यूहरु, शिक्षकज्यूहरु, शिक्षक अभिभावक संघका अध्यक्षज्यूहरु लगायत सम्बन्धित सम्पूर्ण समुदायप्रति हार्दिक आभार प्रकट गर्दछु ।

अन्त्यमा यो शोधपत्र तयारीका क्रममा समय उपलब्ध गराई सहयोग गर्ने श्रीमती टीका गौतम, प्रूफ हेरेर सहयोग गर्नुहुने देवीप्रसाद गौतम र टङ्कन गरी सहयोग पुऱ्याउने एगराज अधिकारीलाई पनि धन्यवाद दिन चाहन्छु ।

# शोधसार

प्रस्तुत शोध अध्ययन सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित संस्थागत विद्यालयको व्यवस्थापकीय अवस्था शीर्षकमा अध्ययन गरिएको हो । निजी विद्यालय र सामुदायिक विद्यालयहरु विचमा गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि प्रतिस्पर्धा भइरहेको वर्तमान समयमा नाफा नलिने उद्देश्यले स्थापना भएका सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालन भएका विद्यालयका भौतिक तथा शैक्षिक पक्षको व्यवस्थापकीय अवस्थाको लेखाजोखा गर्ने प्रमुख उद्देश्य राखेर गरिएको यस अध्ययनमा मोरङ जिल्लामा पर्ने सार्वजनिक शैक्षिक गुठीद्वारा सञ्चालित ३ वटा विद्यालयहरु उद्देश्यपूर्ण नमुना छनोट विधिबाट छनोट गरिएको छ । नमुनामा परेका विद्यालयहरुका शिक्षक ६ जना, गुठीयार ६ जनाको छनौट संभावनायुक्त नमुना छनौट विधिबाट गरिएको छ भने उद्देश्यपूर्ण नमुना छनौट विधिबाट वि.व्य.स.का अध्यक्ष ३ जना, शि.अ.सं.का अध्यक्ष ३ जना र प्र.अ. ३ जनाको छनौट गरिएको छ । यस अध्ययनको क्रममा अनुसूचीमा उल्लेखित सर्वेक्षण फारम, रुजुसूची र अन्तरवार्ता प्रश्नावलीको माध्यमबाट तथ्याङ्क सङ्कलन गरी प्राप्त भएका परिमाणात्मक तथ्याङ्कहरुलाई तालिका, चित्र तथा स्तम्भचित्रहरुका माध्यमबाट प्रश्तुतीकरण र व्याख्या गरी गुणात्मक तथ्याङ्क समेतको व्याख्या तथा विश्लेषण गरिएको छ ।

नमुनामा परेका विद्यालयमा पक्की भवनहरु निर्माण गरिएका, फर्निचर र विद्यार्थीहरुको अनुपात १/३.४, खानेपानीको व्यवस्था ट्युवेलबाट गरिएको, शिक्षक तथा छात्रछात्राहरुलाई छुट्टाछुट्टै शौचालयको व्यवस्था गरिएको, खेलमैदान पर्याप्त नभएको, पुस्तकालय तथा प्रयोगशालाको व्यवस्था नभएको, विद्यालयमा विद्युतीकरणको व्यवस्था गरी कम्प्युटरको समेत व्यवस्था गरिएको, फुलवारी बगैचाको व्यवस्था नगरिएको, चमेनागृहको व्यवस्था गरिएको, पार्किङ्ग स्थलको निर्माण नगरिएको र छात्रावास भएको विद्यालयमा वार्डेन, परिचर, पढ्ने कोठा तथा क्यान्टिनको व्यवस्था गरेको पाइएको छ । त्यसैगरी विद्यालय सुधार योजना निर्माण नगरिएको, शैक्षिक कार्यक्रम अन्तर्गत दैनिक तथा साप्ताहिक कार्यतालिका, परीक्षा हुने समय निर्धारण, अतिरिक्त क्रियाकलाप समय किटान गरिएको, शैक्षिक सामग्रीहरुको अभाव रहेको, कक्षाकोठा व्यवस्थापनको अवस्था कमजोर रहेको, परीक्षा ४ चरणमा लिने गरी विद्यार्थी उपलब्धिमा ती परीक्षाबाट प्राप्ताङ्कलाई समावेश गर्ने गरेको, सम्पर्कका आधारमा शिक्षक नियुक्ति गर्ने गरेको, तालिम प्राप्त शिक्षकहरु ३२.५ प्रतिशतकको संख्यामा रहेका, कक्षाशिक्षणको

निरीक्षण, अवलोकन तथा मूल्याङ्कनको अवस्था न्यून रहेको तथा विद्यालयमा विद्यार्थीहरुले प्राप्त गरेको सिकाइ उपलब्धि ५९.२ रहेको पाइएको छ ।

विद्यालयको नियमित निरीक्षण, अनुगमन तथा मुल्याङ्कनको व्यवस्था स्रोतकेन्द्र तथा जि.शि.का.ले गर्नुपर्ने, विद्यालयमा भौतिक संरचना निर्माण तथा मर्मतका लागि नियमित अनुदानको व्यवस्था गर्नुपर्ने र प्र.अ. तथा वि.व्य.समितिलाई विद्यालय व्यवस्थापन सम्बन्धि तालिम दिने निति निर्माण गर्नुपर्ने जस्ता निति निर्माण तहका लागि सुझावहरु गरिएको छ । त्यसैगरी विद्यालय भवन तथा कक्षाकोठामा रंगरोगन गर्नुपर्ने, खानेपानीको बिस्तार तथा फिल्टरको व्यवस्था गर्नुपर्ने, शौचालय सफाईका लागि साबुन तथा हर्पिक्स र ब्रसको व्यवस्था गर्नुपर्ने, खेल मैदानको पर्याप्त व्यवस्था गर्नुपर्ने, पुस्तकालय तथा प्रयोगशालाको व्यवस्था गर्नुपर्ने, फूलवारी बगैचा तथा बृक्षारोपण गर्नुपर्ने, चमेनागृहमा बस्ने व्यवस्थामा सुधार गर्नुपर्ने, शैक्षिक सामग्रीहरु सङ्कलन, निर्माण तथा खरीद गरी प्रयोग तथा व्यवस्थापन गर्नुपर्ने, कक्षाकोठामा डस्टबिन  र डस्टप्यानको व्यवस्था गर्नुपर्ने, निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गर्नुपर्ने, शिक्षक नियुक्ति गर्दा विज्ञापन गरी छनौट गर्नुपर्ने, शिक्षकले वार्षिक कार्ययोजना, एकाई योजना र दैनिक पाठयोजना निर्माण गरी शिक्षण गर्नुपर्ने, शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी ढंगबाट सञ्चालन गरी सिकाई उपलब्धि बृद्धि गर्नुपर्ने जस्ता सुझावहरु प्रस्तुत गरिएको छ ।

# विषय सूची


i. सिफारीस पत्र i

ii. स्वीकृति पत्र ii

iii. प्राक्कथन iii

iv. शोधसार iv


## परिच्छेद एक : परिचय


१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ३

१.३ अध्ययनको औचित्य ४

१.४ अध्ययनका उद्देश्यहरु ५

१.५ अनुसन्धानात्मक प्रश्नहरु ५

१.६ अध्ययनको परिसीमा ५

१.७ शब्दावलीको अर्थ र परिभाषा ६


## परिच्छेद दुई : संबन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका


२.१ सबन्धित साहित्यको पुनरावलोकन ७

२.२ अध्ययनको सैद्धान्तिक खाका १०

२.३ अध्ययनको शैक्षिक उपादेयता १२

## परिच्छेद तीन : अध्ययन विधि


३.१ अनुसन्धानात्मक ढांचा १३

३.२ तथ्याङ्क संकलन प्रक्रिया १३

३.२.१ जनसंख्या १३

३.२.२ नमुनाको आकार १३

३.२.३ नमुना छनोट विधि १४

३.२.४ नमुना छनोटको आधार १४

३.३ अनुसन्धानका साधनहरु १४

३.४ तथ्याङ्कका श्रोतहरु १५

३.५ तथ्याङ्कको प्रस्तुति, विश्लेषण र व्याख्या १५


## परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र प्रस्तुतिकरण


४.१ विद्यालयको भौतिक अवस्था १६

४.१.१ भवन तथा कक्षाकोठाको अवस्था १६

४.१.२ फर्निचर व्यवस्थापनको अवस्था १८

४.१.३ खानेपानी व्यवस्थापनको अवस्था १९

४.१.४ शौचालयको अवस्था २०

४.१.५ खेलमैदान तथा घेरावारा व्यवस्थापनको अवस्था २२

४.१.६ पुस्तकालय व्यवस्थापनको अवस्था २४

४.१.७ प्रयोगशाला व्यवस्थापनको अवस्था २५

४.१.८ विद्युतीकरणको अवस्था २६

४.१.९ कम्प्युटरको अवस्था २६

४.१.१० फूलबारी बगैचा तथा वृक्षारोपणको अवस्था २८

४.१.११ चमेनागृहको अवस्था २९

४.१.१२ पार्किङ्ग व्यवस्थापनको अवस्था ३०

४.१.१३ छात्रावासको अवस्था ३१

४.१.१४ भौतिक सुविधाहरुको सुरक्षा प्रवन्धको अवस्था ३२

४.२ विद्यालयमा शैक्षिक पक्षको व्यवस्थापन ३३

४.२.१ शैक्षणिक योजना निर्माण तथा कार्यान्वयनको अवस्था ३४

४.२.२ शैक्षिक सामग्री व्यवस्थापनको अवस्था ३५

४.२.३ कक्षाकोठा व्यवस्थापन तथा कक्षाशिक्षणको अवस्था ३७

४.२.४ अतिरिक्त क्रियाकलाप व्यवस्थापनको अवस्था ३८

४.२.५ परीक्षा व्यवस्थापनको अवस्था ४०

४.२.६ शिक्षक नियुक्ति प्रक्रियाको अवस्था ४१

४.२.७ शिक्षक तालिमको अवस्था ४२

४.२.८ सिकाई उपलब्धिको अवस्था ४४

४.२.९ कक्षा शिक्षणको निरीक्षण, अवलोकन तथा मूल्याङ्कनको अवस्था ४६

४.३ विद्यालयका शैक्षिक तथा भौतिक पक्षका समस्याहरु ४७

४.४ विद्यालयका भौतिक तथा शैक्षिक पक्षमा सुधार गर्न सकिने उपायहरु ४८

**परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरु**

५.१ प्राप्ति ५१

५.२ निष्कर्ष ५२

५.३ सुझावहरु ५४

सन्दर्भग्रन्थहरु

अनुसूचीहरु

# तालिका सूची


| | | |
|---|---|---|
| तालिका १ | नमुनाको आकार | १४ |
| तालिका २ | भवन तथा कक्षाकोठाको अवस्था | १७ |
| तालिका ३ | विद्यालयमा फर्निचरको अवस्था | १८ |
| तालिका ४ | विद्यालयमा खानेपानीको अवस्था | २० |
| तालिका ५ | विद्यालयमा शौचालयको अवस्था | २१ |
| तालिका ६ | विद्यालयमा खेलमैदानको अवस्था | २३ |
| तालिका ७ | विद्यालयमा प्रयोगशालाको अवस्था | २५ |
| तालिका ८ | विद्यालयमा कम्प्युटरको अवस्था | २७ |
| तालिका ९ | विद्यालयमा फूलबारी बगैचा तथा वृक्षारोपणको अवस्था | २८ |
| तालिका १० | चमेनागृहको अवस्था | २९ |
| तालिका ११ | छात्रावासको अवस्था | ३१ |
| तालिका १२ | भौतिक सुविधाहरुको सुरक्षा अवस्था | ३२ |
| तालिका १३ | शैक्षणिक योजना निर्माण तथा कार्यान्वयनको अवस्था | ३४ |
| तालिका १४ | विद्यालयमा शैक्षिक सामग्रीको अवस्था | ३६ |
| तालिका १५ | अतिरिक्त क्रियाकलाप अन्तरगत गरिने प्रतियोगिताहरुको अवस्था | ३९ |
| तालिका १६ | परीक्षा व्यवस्थापनको अवस्था | ४० |
| तालिका १७ | तालिम प्राप्त शिक्षकहरुको अवस्था | ४३ |
| तालिका १८ | कक्षागत सिकाइ उपलब्धिको अवस्था | ४५ |
| तालिका १९ | निरीक्षण, अवलोकन तथा मूल्याङ्कनको अवस्था | ४६ |

# चित्र सूची


| | | |
|---|---|---|
| चित्र १ | विद्यालयमा शौचालयको अवस्था | २१ |
| चित्र २ | विद्यालयमा कम्प्युटरको अवस्था | २७ |
| चित्र ३ | तालिम प्राप्त शिक्षकहरुको अवस्था | ४३ |

## संक्षिप्त शब्दको पूरा रुप

| | | |
|---|---|---|
| जि.शि.का. | - | जिल्ला शिक्षा कार्यालय |
| प्र.अ. | - | प्रधानाध्यापक |
| वि.व्य.स. | - | विद्यालय व्यवस्थापन समिति |
| शि.अ.सं. | - | शिक्षक अभिभावक संघ |
| वि.नि. | - | विद्यालय निरीक्षक |
| मा.वि. | - | माध्यमिक विद्यालय |
| भू.पू.सै. | - | भूतपूर्व सैनिक |
| अं.मा.वि. | - | अंग्रेजी माध्यमिक विद्यालय |
| सि.उ. | - | सिकाइ उपलब्धि |
| शै.सा. | - | शैक्षिक सामग्री |
| भानु मेमो. | - | भानु मेमोरियल |